स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र "जदौ" को शीर्ष गीत "जदौ हजुर भ्ज्ञसार्वजनिक गरिएको छ। हाइटेक इन्टरटेन्मेन्ट युट्युवमार्फत दर्शकमाभ्ज ल्याइएको डान्सिङ बिटको गीतमा राजनराज शिवाकोटी र रचना रिमालको स्वर छ। बाबुल गिरीको शब्द र संगीतमा रहेको गीतमा नीति शाह,प्रभातपाल ठकुरी,राजश्री थापालगायतका प्रमुख कलाकार फिचर छन्। गीतको कोरियोग्राफी रामजी लामिछानेले गरेका हुन्। अन्जन शर्मा र काजी लिम्बुको संयुक्त निर्देशनमा बनेको फिल्म ९ असोजमा देशव्यापी प्रदर्शनमा आउने छ।

**आजको विचार...**



संसदलाई...
*(दुई पेजमा)*

दुर्गा प्रसाद अर्याल



अभिनेता तथा निर्देशक माओत्से गुरुङ निर्देशित नेपाली चलचित्र "पेन्सन पट्टा"को गीत "जुनी जाला" सार्वजनिक गरिएको छ। भदौ २६ गते प्रदर्शनमा आउने "पेन्सन पट्टा"को गीतमा हर्क साउदको शब्द र मनोज थापा मगरको संगीत छ। सरुन गुरुङ, राजबहादुर गुरुङ, उषा गुरुङ र प्रिया गुरुङको स्वर सुन्न सकिन्छ। सार्वजनिक गरिएको गीतमा अभिनेता दयाहाङ राई, बुद्धि तामाङ, विल्सन विक्रम राई, गौमाया गुरुङ, माओत्से गुरुङलगायत कलाकारको अभिनय छ।

❑ वर्ष ३२ ❑ अंक ४ ❑ २०८३ साउन ४ गते सोमबार 20 July 2026, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### सीमा पार गर्ने क्रममा ५ को मृत्यु, १४ बेपत्ता

**(रासस/सिन्ह्वा)**

**काबुल,** साउन ३/पश्चिमी अफगानिस्तानको निमरोज प्रान्तस्थित मरुभूमि हुँदै इरान प्रवेश गर्ने क्रममा पाँच अफगान नागरिकको मृत्यु भएको छ भने १४ जना बेपत्ता भएका छन् । स्थानीय सञ्चारमाध्यम टोलोन्युजका अनुसार, उनीहरू सीमा पार गर्ने क्रममा मरुभूमिमा अलपत्र परेका थिए । सुरक्षाकर्मीले निमरोज प्रान्तको मरुभूमिबाट पाँच जनाको शव फेला पारेका हुन् । उनीहरू इरान प्रवेश गर्ने उद्देश्यले हेल्मन्ड र निमरोज प्रान्तमा फैलिएको दुर्गम मरुभूमि क्षेत्र हुँदै अघि बढेको १९ जनाको समूहमा रहेका थिए । स्थानीय अधिकारीका अनुसार उक्त समूह मरुभूमिमा बाटो बिराएर अलपत्र परेको हुन सक्ने अनुमान गरिएको छ । अत्यधिक गर्मी र पानीको अभावका कारण उनीहरूको मृत्यु भएको हुन सक्ने आशङ्खा गरिएको छ । बेपत्ता रहेका १४ जनाको खोजीका लागि सुरक्षाकर्मीले अभियान सञ्चालन गरिरहेका छन् । उद्धार कार्य जारी रहेको अधिकारीले बताएका छन् ।

# विपद् जोखिम न्यूनीकरणमा महिला संघ पाल्पाको चासो

## विपद् पूर्वतयारी र सचेतनामूलक अभियान चलाउने निर्णय

**हाम्रा संवाददाता**

**पाल्पा,** साउन ३/ बर्सेनिजस्तै यसपालि पनि मनसुन भित्रिएको छ । भनिन्छ, प्राकृतिक प्रकोप बाजा बजाएर आउँदैन । एक्कासि आउँछ र जीउज्यानसहित सर्वस्व लैजान्छ । तर, धेरै जोखिम र क्षति सचेताना अभावकै कारण हुने गर्दछ ।

विशेष गरी महिला, बालबालिका, वृद्धाहरु यस्तो जोखिमबाट बढी प्रभावित हुने गर्दछन् । उनीहरू विपद् आउने सूचना, बच्ने तरिका र विपद्का बेलाको भूमिका नजान्दा पनि समस्यामा पर्ने गरेका छन् । यस्ता समस्याहरुलाई मध्यनजर गरी नेपाली काँग्रेसको भातृ संगठन नेपाल महिला संघ पाल्पाले चासो देखाएको छ । अविरल वर्षाका कारण हुन सक्ने प्राकृतिक विपद् तथा त्यसबाट उत्पन्न हुने जोखिम न्यूनीकरणका लागि संघले चासो देखाएको हो । उसले सामाजिक सञ्जालमार्फत व्यापक जनचेतना



अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । तानसेनमा बसेको जिल्ला कार्यसमितिको बैठकले विपद् पूर्वतयारी र जनचेतना अभिवृद्धिलाई प्राथमिकतामा राख्दै सचेतनामूलक सूचना, सन्देश तथा सामग्री नियमित रूपमा प्रवाह गर्ने निर्णय गरेको हो । बैंठकले केही दिन यता निरन्तर परेको अविरल वर्षाका कारण कुनै क्षति नहोस् भन्ने उद्देश्यले नागरिकलाई सचेत, सुरक्षित र जिम्मेवार बनाउन समुदायस्तरसम्म सक्रिय भूमिका निर्वाह गर्ने जनाएको छ । बैठकले संगठनलाई थप व्यवस्थित र सुदृढ बनाउन सम्पूर्ण सदस्यको क्रियाशील सदस्यता अद्यावधिक गर्ने निर्णय पनि गरेको छ । सदस्यता व्यवस्थापनलाई प्रभावकारी बनाउँदै वडा, पालिका र जिल्ला तहसम्म संगठनलाई चलायमान बनाउने लक्ष्य बैठकले लिएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

# अवैध लागूऔषध सहित विभिन्न स्थानबाट २० जना पक्राउ

**पाल्पा,** साउन ३/ देशका विभिन्न स्थानबाट अवैध लागूऔषधसहित २० जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार जाजरकोट, मोरङ, सिराहा, मकवानपुर,सुनसरी, कैलाली, काठमाडौं लगायतका विभिन्न स्थानबाट लागूऔषधसहित २० जना पक्राउ परेका हुन् ।



जाजरकोटको बारेकोट गाउँपालिका-३ बाट अवैध लागूऔषधसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । अफिम जस्तो देखिने वस्तु करिब ४ किलोग्राम सहित दाङ घोराही उपमहानगरपालिका-१३ बस्ने रोल्पा माडी गाँउपालिका-१ घर भएकी ४० वर्षीया गौरी भन्ने मन कुमारी घर्तीलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय जाजरकोट समेतबाट खटिएको प्रहरीले उनलाई उक्त वस्तु सहित पक्राउ गरेको हो । साथै प्रहरीले थप अनुसन्धानको लागि १ जनालाई नियन्त्रणमा लिएको छ । यस्तै काठमाडौं महानगरपालिका-३२ नरेफाँटबाट अवैध लागूऔषधसहित २ जनालाई प्रहरी पक्राउ गरेको छ । ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब १० ग्राम २९ मिलीग्राम सहित काठमाडौं नरेफाँट बस्ने महोत्तरी घर भएका २० वर्षीय सचिन मण्डल र १९ वर्षीय रोहित महतोलाई प्रहरी पक्राउ गरेको हो । प्रहरी प्रभाग कोटेश्रुवरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै मोरङको रंगेली नगरपालिका-६ बाट अवैध लागूऔषध खैरो हरोइन जस्तो देखिने पदार्थ ३ ग्राम सहित कानेपोखरी गाउँपालिका-७ रमाइलो बस्ने २२ वर्षीया सुष्मिता लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

*-बाँकी अन्तिम पेजमा...*


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्न:

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं, शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## हैजाबाट बच्न सावधानी अपनाऔं

वर्षायाम सुरु भएसँगै हैजाजस्ता पानीजन्य सरुवा रोग फैलिने जोखिम बढ्ने गर्दछ । देशको संघीय राजधानी काठमाडौंमा अहिले हैजाका विरामी बढ्दै गएका छन् । निरन्तर हैजाका बिरामी बढेसँगै सचेचना अपनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अपील गरेको छ । तर के के गर्दा के हुन्छ भन्नेतर्फ खासै चाँसो न त सम्बन्धित निकायलाई छ न त सर्वसाधारणलाई नै । यसको प्रमुख कारण दूषित पानी र खानेकुरा नै हो । वर्षाको समय भएकाले पानीका मुहानहरु दूषित हुने गर्दछन् । यस्तो दूषित पानी पिउनाले हैजासहित विभिन्न रोगहरु लाग्ने गर्दछ । यो समयमा खानपिन तथा सरसफाइमा विशेष ध्यान दिनुपर्छ ।

दूषित पानी र अस्वच्छ खानाको सेवनका कारण फैलिने हैजा समयमै उपचार नपाए ज्यानै जाने अवस्था पनि आउन सक्छ । त्यसैले हैजाबाट बच्न व्यक्तिगत, पारिवारिक र सामुदायिक स्तरमा विशेष सावधानी अपनाउनु आजको आवश्यकता हो । खुला ठाउँमा दिसापिसाब गर्ने, फोहोर व्यवस्थापनमा लापरवाही गर्ने तथा हात नधुने बानीले रोग फैलिन अझ सहज बनाउँछ । विशेषगरी वर्षायाममा पानीका स्रोत दूषित हुने भएकाले सुरक्षित र उमालेको वा शुद्धीकरण गरिएको पानी मात्र पिउने बानी बसाल्नुपर्छ । साथै ताजा र राम्रोसँग पकाइएको खाना खाने, फलफूल तथा तरकारी सफा पानीले धोएर मात्र प्रयोग गर्ने र खाना खानुअघि तथा शौचालय प्रयोग गरेपछि साबुनपानीले हात धुने बानी अनिवार्य बनाउनु आवश्यक छ । अझै पनि कतिपय स्थानमा खानेपानीको पाइप ढलसँगै गाडिएका छन् । पाइपमा चुहावट हुँदा ढलको पानी मिसिने जोखिम रहन्छ । घरघरमा आपूर्ति हुने पानी उमालेर वा शुद्धीकरण नगरी पिउने बानी पनि यसै सन्दर्भमा जोडिएको अर्को समस्या हो । पानी वितरण गर्ने निकायले केवल आपूर्ति बढाएर उनीहरूको जिम्मेवारी पूरा हुँदैन । उपभोक्ताको धारासम्म पुग्ने पानी सुरक्षित छ कि छैन भन्ने परीक्षण नियमित हुनुपर्छ । जीवाणुको उपस्थिति लगायतका अन्य परीक्षण सार्वजनिक गर्ने प्रणाली विकास गर्न आवश्यक छ । सुरक्षित पानी स्वास्थ्य अधिकारको आधारभूत सर्त हो । विगतमा नेपालले हैजाको प्रकोप भोगिसकेको छ । त्यसैले अहिलेको अवस्थालाई बेवास्ता गर्नु बुद्धिमानी हुँदैन । हैजा विशेष गरी 'भिब्रियो कोरेला' नामक ब्याक्टेरियाका कारण लाग्ने अति सङ्क्रामक झाडापखाला हो । खास गरी हैजा दूषित पानी, बासी तथा सडेगलेका खानेकुरा, काँचा खानेकुरा एवं सङ्क्रमित व्यक्तिले चलाएका सरसामानको माध्यमबाट सर्छ । यी कुराहरुमा पर्याप्त सावधानी नअपनाइए हैजाबाट मृत्यु समेत हुने गर्दछ । तसर्थ यसतर्फ सावधानी अपनाउन जरुरी छ ।

### Opinion @ Social Network

आजको संघर्षलाई स्वीकार गर,
भोलि यहि संघर्षले तिम्रो सफलताको सबैभन्दा ठूलो परिचय दिनेछ ।
*(नुर अर्गालीको फेसबुक स्टाटसबाट www.facebook.com/Nur.Argali)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संसदलाई संसद जस्तो कहिले बनाउने ?



**दुर्गा प्रसाद अर्याल**

> *आरोप प्रत्यारोप ,व्यक्तिगत इगो व्यक्त गर्ने ,सत्ता परिवर्तन र स्वार्थको राजनीतमा रुमालिएको संसद पञ्चायती शाशन व्यवस्था हुँदै जेनजी आन्दोलन पछि युवाको हातमा शाशन व्यवस्था आइपुग्दासम्म पनि खासै सकरात्मक सन्देश दिन सकेको देखिदैन् । औचित्यहिन ,अर्थहिन छलफलमा संसदका महत्वपूर्ण समय वेथित भएकै कारण गणतान्त्रिक शाशन व्यवस्था अभ्यासको करिब दुई दशक बढी समय हुँदा सम्म पनि महत्वपूर्ण कानुन निमार्णमा प्राथमिकता पाएको देखिदैन् । जन समस्या , राष्ट्र भावना अनुरुप संसदीय कार्यशैलीको अभ्यास नहुँदा आम जनतामा भने संसद र सासद प्रतिको आस्था र विश्वासमा ह्रास हुँदै गएको देखिन्छ । आम जनताको चासो यसैमा छ संसद संसद जस्तो कहिले होला ? सासद सासद जस्ता कहिले बन्लान् ? नाम मात्रको जनप्रतिनिधि कहिले सम्म भनिरहने ? व्यवस्था परिवर्तन भयो शासन व्यवस्था युवाको हातमा पुग्यो , जेष्ठ नागरिकले भरिने संसद कक्ष युवा संसदले भरिए तर कार्यशैली भने उस्तै विगतलाई सम्झाउने ।*

वि.स. २०१५ सालमा पहिलो पटक आमनिर्वाचन पछि संसदीय राजनीतिमा प्रवेश गरेको नेपाल आज करिव सात दशक पुरा गर्दै गर्दा यसले जनभावना, राष्ट्रभावना अनुरुप कार्य गरेको छ या छैन् यसको नेपालमा औचित्य र भूमिका माथि प्रश्न उत्पन्न हुँदै गएका देखिन्छ । आरोप प्रत्यारोप ,व्यक्तिगत इगो व्यक्त गर्ने ,सत्ता परिवर्तन र स्वार्थको राजनीतमा रुमालिएको संसद पञ्चायती शाशन व्यवस्था हुँदै जेनजी आन्दोलन पछि युवाको हातमा शाशन व्यवस्था आइपुग्दासम्म पनि खासै सकरात्मक सन्देश दिन सकेको देखिदैन् । औचित्यहिन ,अर्थहिन छलफलमा संसदका महत्वपूर्ण समय वेथित भएकै कारण गणतान्त्रिक शाशन व्यवस्था अभ्यासको करिब दुई दशक बढी समय हुँदा सम्म पनि महत्वपूर्ण कानुन निमार्णमा प्राथमिकता पाएको देखिदैन् । जन समस्या , राष्ट्र भावना अनुरुप संसदीय कार्यशैलीको अभ्यास नहुँदा आम जनतामा भने संसद र सासद प्रतिको आस्था र विश्वासमा ह्रास हुँदै गएको देखिन्छ । आम जनताको चासो यसैमा छ संसद संसद जस्तो कहिले होला ? सासद सासद जस्ता कहिले बन्लान् ? नाम मात्रको जनप्रतिनिधि कहिले सम्म भनिरहने ? व्यवस्था परिवर्तन भयो शासन व्यवस्था युवाको हातमा पुग्यो , जेष्ठ नागरिकले भरिने संसद कक्ष युवा संसदले भरिए तर कार्यशैली भने उस्तै विगतलाई सम्झाउने । यहाँ संसद ,सांसदको कार्य प्रवृत्ती र यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्न खोजिएको छ ।

**पृष्ठभूमि :**

जनतासँग प्रत्यक्ष सरोकार राख्ने जनताबाटै निर्वाचित भएर गएका जनप्रतिनिधिहरु मिलेर सरकार बनाउने ,ऐन नियम बनाउने तथा सुशासन स्थापित गर्ने सर्वोकृष्ट संस्थालाई संसद भन्न सकिन्छ । संसदीय व्यवस्था कहिले र कहाँ बाट भयो भन्ने कुरामा आधिकारिक प्रमाण नभेटिएता पनि करिव ११ औं शताब्दी तीर उबचष्भिलत शब्दको प्रयोग अजबलकयमभ च्यबिलम भन्ने लेखमा प्रयोग भएको मानिन्छ । फ्रेन्च भाषाको पाली शब्दबाट उबचष्किभलत भएको मानिन्छ । जसको अर्थ हुन्छ कुरा गर्ने पसल (त्बपिष्लन कजयउभ ) । सर्वप्रथम प्रजातन्त्रको सुरुवात प्राचीन ग्रीसबाट भएको कारण त्यहीबाट नै संसदीय व्यवस्था सुरुवात भएको अनुमान लगाउन सकिन्छ तर आधिकारिक रुपमा भने प्रजातन्त्र र संसदीय व्यवस्थाको सुरुवात र असल अभ्यास गरेको बेलायतबाट भएको सजिलै अनुमान लगाउन सकिन्छ । संसदीय व्यवस्था र संसदीय सर्वोच्चताको पूर्णरुपमा अबलम्बन गर्ने देशको रुपमा श्रेय पनि बेलायतलाई नै जाने गर्दछ । नेपालमा यसको अभ्यासको चर्चा गर्दा, नेपालमा वि.स. २००७ सालमा पहिलो पटक बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको सुरुवात भएसँगै संसदीय साशन व्यवस्थाको अभ्यासको मार्ग तयार भएको देखिन्छ भने करीब ७ बर्षको पर्खाइपछि वि.स. २०१५ सालको पहिलो आमनिर्वाचन पछि केहि समय यसको अभ्यास भएता पनि वि.स २०१७ सालमा राजा महेन्द्रले सत्ता नियन्त्रण लिई पञ्चायती साशन ब्यवस्थाको सुरुवातसँगै यो व्यवस्था केहि समय अवरोध सिर्जना भएता पनि करीब २ दशकको राजनीतिक उथलपुथलसँगै वि.स २०४६ सालको जनआन्दोलन र त्यसपछि विकास भएको राजनीतिक घटना क्रमसँगै यस व्यवस्थाले निरन्तरता पाएको देखिन्छ । विभिन्न समयमा विकास भएका घटनाक्रमले साशन व्यवस्था परिवर्तन भएता पनि संसदीय व्यवस्थाले भने निरन्तरता पाएको देखिन्छ । हाल तीन तहको सरकारको संरचना भएसंगै तीन वटै तहमै संसदीय अभ्यास भएको देखिन्छ । जेनजी आन्दोलन पछि विकास भएको राजनीतिक घटना क्रम र केहि बर्ष अगाडि नै भएको अप्रत्यासित आमनिर्वाचनले संसदमा युवा सासदको संख्याले बाहुल्यता पायो पुराना र नयाँ सबै राजनीतिक दलबाट युवा नै निर्वाचित भए तर केहि महिना अगाडिबाट सुरु भएको संसदको बैंठक हेर्दा खासै आशा लाग्दो लक्ष्यणहरु देखिदैन् । देश र जनतामा केन्द्रीत हुनु पर्ने संसद विभिन्न वहाना र विषयलाई लिएर नियमित सञ्चालन हुन् सकेको देखिदैन् । यसमा अग्रस्थानमा देखिन्छ आफूलाई नयाँ भन्ने श्रमसंस्कृती पाटी र अन्य केहि भने अर्को तर्फ सत्ता पक्ष संसदको गतिरोध अन्त्यमा मौन देखिन्छ । राजनीतिक सौदाबाजी , ब्यक्तिगत इगो पोख्न र अप्रत्यक्ष लेनदेनका लागि गरिने यस्ता क्रियाकलापले तत्कालका लागि राजनीतिक स्वार्थ पूरा गर्ने अवसर प्राप्त भएता पनि कतै यसले संसद ,सासद र संसदीय व्यवस्था माथि जनमानसमा नमेटिने नकारात्मक छाप पर्ने देखिन्छ भने कतै यस्तै कार्यले निरन्तरता पाईरहने हो भने विश्वकै उत्कृष्ट व्यवस्था मानिने संसदीय व्यवस्था माथि नै प्रश्न उठ्ने देखिन्छ । क्रान्ती पछिको नेपालको ससदको गतिविधि निराशाजनक दिशामा गएको देखिन्छ । विगतमा घिनलाग्दो संसदीय क्रियाकलापका कारण पुराना राजनीतिक दल र तीनका नेतृत्व प्रति जनतामा आक्रोस उत्पन्न भएको र अहिलेको जनआदेश त्यसैको परिणाम थियो तर यस बारेमा नयाँ पुरान दल सचेत देखिदैनन् । **संसदले गर्नुपर्ने के, भैरहेको छ के ?**

| गर्नुपर्ने के ? | भैरहेको छ के ? |
|---|---|
| – कानुन बनाउने | – आरोप प्रत्यारोप |
| – देश र जनताको जलदाबल्दा विषयमा आवाज बुलन्द गर्ने । | – व्यक्तिगत इगो पोख्ने थलो |
| – सरकारको काम कारबाहिको निगरानी राख्ने । | – राजनीतिक विवाद ,सत्ता परिवर्तनमै समय वेथित |
| – जनताको प्रतिनिधित्व गर्ने । | – सरकारलाई जवाफदेहि बनाउन नसक्नु । |
| – बजेट माथि छलफल र पारित गर्ने । | – बारम्बार अवरुद्ध । |
| – सार्वजनीक खर्चको निगरानी । | – अनुशाशन र उत्तरदायित्वको अभाव । |
| – संविधान ,ऐन नियमको निर्माण र संशोधन । | – भत्ता र तलब खाने थलोमै सिमित । |
| | – जनविश्वासमा कमि । |
| | – संसदीय मर्यादाको अभाव । |

संसदले आईमाईलाई लोग्ने मानिस र लोग्ने मान्छेलाई आईमाई बनाउनु बाहेक सबै बनाउन सक्छ भनि सर्बोच्च महत्व दिइएको पाईन्छ । यति महत्वपूर्ण भूमिका रहेको संसदको भने नेपालमा अभ्यास सन्तोषजन अवस्थामा देखिदैन् । नेपालको संसदले भने न हिजो ,न आज जनताको हितलाई सर्वोपरी राखि काम गरेको देखिदैन् । संसद सञ्चालन अवधिका धेरै समय राजनीतिक दलहरु बीच आरोपप्रत्यारोप , व्यक्तिगत कुण्ठा र स्वार्थ परिपुर्तीमा नै अधिकाश समय बेथित भएको देखिन्छ । देश ,जनता , जनहित र जनचासोका विषयमा गहन छलफलमा केन्द्रीत हुनुपर्ने संसद लामो समय गति लिन सकेको देखिदैन् । महत्वपूर्ण ऐन प्रयाप्त छलफल विना र संसद बाहिर अध्यादेशमार्फत आएको देखिन्छ ।

**निष्कर्ष :**

जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्वपूर्ण संस्था मानिने संसदीय शासन प्रणाली नेपालमा दिनप्रती दिन कमजोर हुँदै गएको छ । यसमा सरोकारवाला बिच बहस जरुरी हुँदै गएको छ । आवश्यक नीति तथा कानुन निमार्णमा केन्द्रीत हुनुपर्ने संसद विगतदेखि वर्तमानसम्म आईपुग्दा सकरात्मक सन्देश दिन सकेको देखिदैन् । जिम्मेवार राजनीतिक दलले जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्दछ भने सत्ता पक्षले पनि पेलेरै जाने रणनीति त्याग गरि जिम्मेवार हुनु जरुरी देखिन्छ । पछिल्लो समय संसदको आस्था र गरिमालाई जोगाई राख्न नसक्नु सरकार र राजनीतिक दलको सबै भन्दा ठूलो कमजोरी हो । अब यसो हुनुहुँदैन् संसदलाई संसद जस्तो र सासदलाई सासदजस्तो बनाउनु पर्दछ । बजेट सक्ने थलोबाट रुपान्तरण गरी यसलाई जनता र देशप्रति जिम्मेवार बनाउन सक्नुपर्दछ । यसो गर्न सकेमा नेपालको संसदीय अभ्यासलाई संसद जस्तो बनाउन सकिने थियो की ?

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : अनुभवले आत्मविश्वास बढाउनेछ। आम्दनी बढाउने काम गर्न सक्नुहुनेछ।
**वृष** : अवसरलाई समयमै उपयोग गर्नु बुद्धिमानी हुनेछ। काम बनाउने समय छ।
**मिथुन** : सकारात्मक सोचले सफलता मिल्नेछ। साइनो गाँस्नेबाट टाढा रहनुहोला।
**कर्कट** : राम्रो परिणाम प्राप्त हुनेछ। विद्यार्थीहरूलाई सहयोग मिल्नेछ।
**सिंह** : कार्यप्रति मन आकर्षित हुनेछ। संगीतको क्षेत्रमा सफलता मिल्नेछ।
**कन्या** : काम समयमा सम्पादन गर्न सकिनेछ। प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ।
**तुला**: बलियो आधार तयार गर्नेछ। अध्ययनमा कमजोरीको अनुभूति हुनेछ।
**वृश्चिक** : राम्रो परिणाम प्राप्त हुनेछ। भौतिक संसाधन जुटाउने अवसर मिल्नेछ।
**धनु** : परिवर्तनले दिनलाई व्यवस्थित बनाउनेछ। शरीरलाई थआराम गर्न दिनुहोला।
**मकर** : पुरानो सम्बन्ध नजिकिने संकेत देखिनेछ। दिनभरि मुस्कान कायम रहनेछ।
**कुम्भ** : अनुभव प्रयोग गर्नेअवसर आउनेछ। घरमा शान्त वातावरण रहनेछ।
**मीन** : कामबाट फरक अनुभव मिल्नेछ। बाहिर निस्कँदा उपयोगी भेट हुन सक्छ।

शिक्षा

# मधेस विश्वविद्यालयमा तीन वटा शैक्षिक कार्यक्रम विस्तार




मधेस विश्वविद्यालयले चालु शैक्षिक सत्रदेखि थप तीन वटा शैक्षिक कार्यक्रम विस्तार गर्न लागेको छ । हाल स्नातकोत्तर तहमा जनप्रशासन ( एमपीए), कानुन सङ्कायतर्फ स्नातक ( बीए एलएलबी) र जनप्रशासन सङ्कायतर्फ स्नातकमा जनव्यवस्थापन ( बीपीएम) कक्षा सञ्चालन गर्दै आएको पर्साको वीरगञ्जस्थित मधेस विश्वविद्यालयले चालु शैक्षिक सत्रमा थप तीन वटा शैक्षिक कार्यक्रम विस्तार गर्न लागेको हो । मधेस विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवका अनुसार विश्वविद्यालयले चालु शैक्षिक सत्र २०८३ देखि स्नातकोत्तर तहको मास्टर्स अफ बिजनेस एडमिनिस्ट्रसन (एमबीए) तथा स्नातक तहको ब्याचलर अफ ल (एलएलबी) र ब्याचलर अफ बिजनेस एडमिनिष्ट्रिसन (बीबीए) को पठनपाठन सुरु गर्न लागेको छ । "तीन वटै सङ्कायको पठनपाठनका लागि पाठ्यक्रम तयार भइसकेको छ", रजिष्ट्रार यादवले भने, "यही शैक्षिक सत्रदेखि कक्षा सञ्चालन गर्ने गरी तयारी भएको छ । छिट्टै यसबारे हामीले सूचना प्रकाशन गर्ने छौँ ।" विश्वविद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रमहरूमा विद्यार्थीको आकर्षण बढ्दै गएपछि थप शैक्षिक कार्यक्रम विस्तार गर्न लागिएको उनले बताए । विसं २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन, २०७९ जारी भई २०७९ भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले पहिलो एक वर्षमा दुई वटा सङ्कायको पठनपाठन सुरु गरेको थियो । विश्वविद्यालयले वीरगञ्जस्थित नेसनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ । अनुसन्धान र प्रशिक्षणको माध्यमबाट शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउन सकिने मान्यताअनुरुप मधेस विश्वविद्यालयलाई प्रदेशमा पहिलो मधेस अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्थापना गर्ने लक्ष्य रहेको विश्वविद्यालयका उपकुलपति प्राडा दीपकबहादुर शाक्यले बताए । "हामीले सञ्चालन गरेको कक्षाहरूमा विद्यार्थीको आकर्षण देखेर उत्साहित भएका छौँ", उपकुलपति प्राडा शाक्यले भने, "आगामी दिनमा मेडिकल, ल्याब टेक्निसियन, फिजियोथेरापीलगायत चिकित्सा र स्वास्थ्यसम्बन्धी कक्षा पनि सञ्चालन गर्ने लक्ष्य राखेका छौँ ।" तत्कालका लागि वीरगञ्जको नारायणी अस्पताल र पोखरियास्थित पोखरिया अस्पतालाई आधार बनाएर चिकित्साशास्त्रमा एमबीबीएस कक्षा सञ्चालन गर्ने योजना बनाएर प्राविधिक टोलीबाट सम्भाव्यता अध्ययन गरिने तयारी भएको उनको भनाइ छ । मधेस विश्वविद्यालयको उच्च शिक्षालाई अनुसन्धामूलक बनाउने दृष्टिले 'एमफिल पिएचडी' सँगै फार्मेसी र विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक शैक्षिक कार्यक्रम पनि सञ्चालन गर्ने लक्ष्य लिएको उपकुलपति प्रा डा शाक्यले जानकारी दिए । मधेस प्रदेशका ग्रामीण क्षेत्रका जनतालाई उच्च शिक्षामा सहज पहुँच विस्तार गर्दै शिक्षालाई श्रम, श्रमलाई सीपसँग र सीपलाई समृद्धिसँग जोड्ने उद्देउश्यका साथ दक्ष जनशक्ति उत्पादन गर्नका लागि प्रदेशमा पहिलो 'मधेस सीप स्कुल' स्थापना गर्ने योजना रहेको उनले बताए ।

*-रातोपाटी डटकम*

# संस्कृति स्कुल र पञ्चकन्या माविबीच सहकार्य



नवीन तथा व्यावहारिक शिक्षा प्रवर्द्धन गर्ने उद्देश्यले संस्कृति इन्टरनेसनल स्कुल (ठूलोभऱ्याङ) र स्थानीय सामुदायिक विद्यालय पञ्चकन्या माध्यमिक विद्यालय (छाउनी) बीच सहकार्य भएको छ । सहकार्यअन्तर्गत पञ्चकन्या माध्यमिक विद्यालयका विद्यार्थीलाई संस्कृति इन्टरनेसनल स्कुलको ृयाबल्याबमा नि:शुल्क विशेष कक्षा सञ्चालन गरिने बताइएको छ । उक्त कार्यक्रमको औपचारिक शुभारम्भ आइतबार पहिलो अन्तरक्रियात्मक कक्षामार्फत् गरिएको हो । पहिलो कक्षामा विद्यार्थीलाई प्रयोगशालामा अपनाउनुपर्ने सुरक्षा मापदण्डबारे जानकारी दिइएको थियो । त्यसपछि उनीहरूले डिजिटल फेब्रिकेसनका उपकरण प्रयोग गर्दै सिर्जनात्मक डिजाइनसम्बन्धी व्यावहारिक अभ्यास गरेका थिए । शैक्षिक वर्षभर सञ्चालन हुने उक्त कार्यक्रममा विद्यार्थीलाई थ्रिडी प्रिन्टिङ, कोडिङ तथा कृत्रिम बौद्धिकता (एआई), रोबोटिक्स, फोटोग्राफी, भिजुअलइफेक्ट्सलगायतका स्टिम( विज्ञान, प्रविधि, इञ्जिनियरिङ, कला र गणित) विषयमा व्यावहारिक सिकाइ प्रदान गरिनेछ । साथै, समुदायलाई उपयोगी हुने विभिन्न परियोजना विकास गर्न पनि विद्यार्थीलाई प्रोत्साहन गरिनेछ । सामाजिक उत्तरदायित्वअन्तर्गत सञ्चालित उक्त कार्यक्रमको सम्पूर्ण खर्च, आवश्यक सामग्री, अत्याधुनिक फ्याबल्याबको प्रयोग तथा विशेषज्ञ प्रशिक्षकको व्यवस्था संस्कृति इन्टरनेसनल स्कुलले गर्नेछ भने कार्यक्रम पूर्ण रूपमा नि:शुल्क हुने बताइएको छ । शैक्षिक वर्ष २०८३ भर सञ्चालन हुने कार्यक्रममा प्रत्येक दोस्रो आइतबार दुई घण्टाको कक्षा सञ्चालन गरिने र त्यसबाट सामुदायिक विद्यालयका विद्यार्थीले २१औँ शताब्दीका आवश्यक सीप, सिर्जनात्मक सोच तथा व्यावहारिक ज्ञान हासिल गर्ने अपेक्षा गरिएको छ । दुवै विद्यालयले उक्त गैरव्यावसायिक सहकार्यबाट सामुदायिक विद्यालयका विद्यार्थीलाई आधुनिक प्रविधिमूलक शिक्षामा सहज पहुँच दिलाउने, डिजिटल विभाजन कम गर्ने तथा नयाँ पुस्ताका नवप्रवर्तक तयार पार्ने विश्वास व्यक्त गरेका छन् ।

*-सेतोपाटी डटकम*

# शैक्षिक परामर्श नियमावली संशोधन गर्न व्यवसायीको माग




शैक्षिक परामर्श क्षेत्रमा क्रियाशील विभिन्न संघ-संस्थाले शिक्षा तथा खेलकुद मन्त्रालयले जारी गरेको 'शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८३' का अव्यावहारिक प्रावधान तत्काल संशोधन गर्न सरकारसँग माग गरेका छन् । बुधबार पत्रकार सम्मेलनमार्फत उनीहरुले नियमावली जारी गर्नुअघि सरोकारवाला संस्था तथा व्यवसायीसँग पर्याप्त छलफल नगरिएको भन्दै आपत्ति जनाएका हुन् । नियमावलीका केही व्यवस्थाले विद्यार्थीको सूचनाको हक, निजी क्षेत्रको संरक्षण तथा अन्तर्राष्ट्रिय शिक्षामा पहुँचको अधिकारमा असर पार्ने दाबी गर्दै वर्तमान स्वरूपमा कार्यान्वयन भए शैक्षिक परामर्श व्यवसाय नै संकटमा पर्ने चेतावनी दिएका छन् । संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै संघ-संस्थाहरूले अनुमतिपत्रको अवधि एक वर्षको सट्टा पाँच वर्ष कायम गर्नुपर्ने, नवीकरण प्रक्रिया सहज र झन्झटरहित बनाउनुपर्ने तथा शैक्षिक मेला, प्रदर्शनी र सेमिनार सञ्चालनका लागि अनिवार्य स्वीकृति लिने व्यवस्था हटाउनुपर्ने माग गरेका छन् । विदेश अध्ययनका लागि आयोजना गरिने शैक्षिक मेला तथा प्रदर्शनीमा स्वीकृति नदिने व्यवस्था पूर्ण रूपमा खारेज गर्नुपर्ने उनीहरूको भनाइ छ । त्यस्तै, नियमावली लागू हुनुअघि दशकौँदेखि सञ्चालनमा रहेका संस्थामा नयाँ मापदण्ड जबर्जस्ती लागू नगर्न, विदेशी कलेज तथा विश्वविद्यालयबाट प्राप्त हुने सेवा शुल्क लिन नपाउने व्यवस्था हटाउन तथा करसम्बन्धी दोहोरो विवरण पेश गर्नुपर्ने प्रावधान पनि खारेज गर्नुपर्ने माग गरिएको छ । विज्ञप्तिमा विद्यार्थीको आर्थिक वा मानसिक क्षतिका आधारमा परामर्श व्यवसायीलाई क्षतिपूर्ति तिर्न बाध्य पार्ने व्यवस्था अव्यावहारिक रहेको उल्लेख गरिएको छ । विद्यार्थी, परामर्श संस्था तथा सम्बन्धित विदेशी शैक्षिक संस्थाबीच हुने सेवा सम्झौताअनुसार प्रक्रिया अघि बढ्ने भएकाले यस्तो व्यवस्था व्यवसायीका लागि अनावश्यक जोखिम हुने उनीहरूको तर्क छ । त्यसैगरी, नियमावली निर्माणका क्रममा व्यवसायी, विद्यार्थी, अभिभावक, विषयविज्ञ तथा कानुनविद्सँग पर्याप्त परामर्श नगरिनु गम्भीर नीतिगत कमजोरी भएको उनीहरूले बताएका छन् । शैक्षिक परामर्श संस्थाको ग्रेडिङ प्रणाली आवश्यक नभएको र अस्पष्ट वर्गीकरणले प्रशासनिक विभेद तथा अस्वस्थ प्रतिस्पर्धा बढाउने उनीहरूको धारणा छ । संघ-संस्थाहरूले धरौटीसम्बन्धी व्यवस्था पनि अव्यावहारिक भएको भन्दै त्यसको सट्टा प्रभावकारी बीमा प्रणाली तथा विद्यार्थीको शुल्क संरक्षण गर्ने संयन्त्र विकास गर्न सरकारलाई आग्रह गरेका छन् । संयुक्त संघर्ष समितिले चरणबद्ध आन्दोलनका कार्यक्रमसमेत सार्वजनिक गरेको छ । असार ३२ गते सबै सदस्यले कार्यालयमा कालो पट्टी बाँधेर नियमित सेवा सञ्चालन गर्दै विरोध जनाउने, साउन १ गते बिहान ११ बजेदेखि ११:३० बजेसम्म काठमाडौँका विभिन्न स्थानमा कार्यालय अगाडि प्लेकार्डसहित शान्तिपूर्ण विरोध प्रदर्शन गर्ने तथा उपत्यकाभित्रका व्यवसायी पुतलीसडकमा भेला हुने जस्ता आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका छन् । त्यसपछि पनि सरकारले वार्ता र समस्या समाधानका लागि पहल नगरे सम्पूर्ण सदस्यले कार्यालयको चाबी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा बुझाई अनिश्चितकालीन आन्दोलन गर्ने चेतावनी दिएका छन् । संयुक्त संघर्ष समितिले आफ्ना सबै आन्दोलनका कार्यक्रम शान्तिपूर्ण, लोकतान्त्रिक र कानुनसम्मत हुने स्पष्ट गर्दै सरकारसँग संवादमार्फत समाधान खोज्न आफूहरू सधैं तयार रहेको जनाएको छ । उनीहरूले निजी लगानी, रोजगारी र नेपाली विद्यार्थीको अन्तर्राष्ट्रिय शिक्षा हासिल गर्ने अवसरमा प्रतिकूल असर पर्ने नीतिहरू स्वीकार गर्न नसकिने उल्लेख गर्दै नियमावली पुनरावलोकन, संशोधन र सहकार्यका माध्यमबाट अन्तर्राष्ट्रिय शिक्षा क्षेत्रलाई थप व्यवस्थित, सुरक्षित, उत्तरदायी, विश्वसनीय र प्रतिस्पर्धी बनाउन सरकारसँग आग्रह गरेका छन् ।

*-हाम्रा कुरा डटकम*

# सामुदायिक क्याम्पसलाई राष्ट्रिय उच्च शिक्षा प्रणालीको मूलधारमा राख्नुपर्नेमा जोड



नेपालभर सञ्चालनमा रहेका ५५० भन्दा बढी सामुदायिक क्याम्पसहरूको साझा संस्था नेपाल पब्लिक क्याम्पस संघले आफ्नो ३६औँ स्थापना दिवस विविध कार्यक्रमका साथ मनाएको छ । कार्यक्रममा सहभागी वक्ताहरूले सामुदायिक क्याम्पसहरूले नेपालको उच्च शिक्षामा पुऱ्याएको योगदानको प्रशंसा गर्दै तिनको संस्थागत सुदृढीकरणमा राज्यले थप प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन् । संघका अध्यक्ष शत्रुघ्न प्रसाद गुप्ताको अध्यक्षतामा आयोजित कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्रोफेसर डा. भोला थापा प्रमुख अतिथि रहेका थिए । कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति प्रोफेसर डा. तीर्थराज खनियाँ, प्रोफेसर डा. दीपक अर्याल, पोखरा विश्वविद्यालयका पूर्व उपकुलपति तथा संघका पूर्व अध्यक्ष प्रोफेसर डा. प्रेमनारायण अर्याल, विश्वविद्यालय अनुदान आयोगका कार्यवाहक सदस्य-सचिव डा. केदार आचार्य, त्रिभुवन विश्वविद्यालयका परीक्षा नियन्त्रक प्रोफेसर डा. लक्ष्मण पौडेललगायतको उपस्थिति रहेको थियो । प्रमुख अतिथि उपकुलपति डा. थापाले सीमित स्रोत-साधनका बीच पनि सामुदायिक क्याम्पसहरूले उच्च शिक्षाको पहुँच विस्तार, गुणस्तरीय शिक्षण, दक्ष जनशक्ति उत्पादन तथा सामाजिक रूपान्तरणमा उल्लेखनीय योगदान दिएको बताए । उनले गुणस्तर अभिवृद्धि, अनुसन्धान प्रवर्द्धन, डिजिटल रूपान्तरण तथा नयाँ शैक्षिक कार्यक्रम सञ्चालनमा विश्वविद्यालयले आवश्यक सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा वक्ताहरूले सामुदायिक क्याम्पसहरू उच्च शिक्षाको पहुँच विस्तारसँगै सामाजिक न्याय र समावेशी शिक्षाको प्रभावकारी माध्यम बनेको उल्लेख गर्दै नीतिगत, प्राविधिक तथा वित्तीय सहयोग बढाउनुपर्ने धारणा राखे । मानविकी संकायतर्फ काठमाडौँको मदन भण्डारी मेमोरियल कलेज, विज्ञान शिक्षातर्फ भक्तपुरको ख्वप कलेज, शिक्षा संकायतर्फ मोरङको सुकुना बहुमुखी क्याम्पस तथा व्यवस्थापन संकायतर्फ मकवानपुर बहुमुखी क्याम्पस सम्मानित भएका हुन् । ती क्याम्पसका उत्कृष्ट विद्यार्थीलाई प्रशंसापत्रसहित १५ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो । उच्च शिक्षाको विकास तथा विश्वविद्यालय सुधारमा योगदान पुऱ्याएको भन्दै त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति प्रोफेसर डा. तीर्थराज खनियाँ र प्रोफेसर डा. दीपक अर्याललाई पनि विशेष सम्मान गरिएको थियो । संघका अध्यक्ष शत्रुघ्न प्रसाद गुप्ताले देशभरका ५५० भन्दा बढी सामुदायिक क्याम्पसमा नेपालको कुल उच्च शिक्षा भर्नामध्ये करिब एक तिहाइ विद्यार्थी अध्ययनरत रहेको उल्लेख गर्दै सामुदायिक क्याम्पसहरूलाई राष्ट्रिय शिक्षा नीतिमा अझ प्रभावकारी रूपमा सम्बोधन गर्नुपर्ने आवश्यकता औँल्याए । उनले सामुदायिक क्याम्पसहरूको दिगो विकासका लागि नयाँ शैक्षिक कार्यक्रम विस्तार, अनुसन्धानमा लगानी, डिजिटल पूर्वाधार विकास, शिक्षक-कर्मचारीको क्षमता अभिवृद्धि तथा पर्याप्त सरकारी अनुदान सुनिश्चित गर्न सरकार, त्रिभुवन विश्वविद्यालय र विश्वविद्यालय अनुदान आयोगसँग आग्रह गरे । कार्यक्रमका सहभागीहरूले सामुदायिक क्याम्पसहरू नेपालको उच्च शिक्षाको पहुँच विस्तार, गुणस्तर अभिवृद्धि र समावेशी विकासका प्रमुख आधार बनेको निष्कर्ष निकाल्दै यस क्षेत्रको सुदृढीकरणका लागि सरकार, विश्वविद्यालय र सम्बन्धित निकायबीच अझ प्रभावकारी सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरेका थिए ।

*-इहिमालयन डटकम*

# जङ्गली च्याउ खाएर बिरामी भएका एक जनाको मृत्यु



**दाङ,** साउन ३/तुलसीपुरमा जङ्गली च्याउ खाएर बिरामी भएका एक जनाको मृत्यु भएको छ । तुलसीपुर उपमहानगरपालिका-३ बल्लेकी ३६ वर्षीया दीपा पुन मगरको शनिबार मृत्यु भएको हो ।

गत असार ३१ गते जङ्गलबाट ल्याएको च्याउ खाँदा दुई परिवारका ७ जना बिरामी परेका थिए । च्याउ खाएर बिरामी परेकामध्ये दुई जनालाई घरायसी उपचार गरिएको थियो । अन्य पाँच जनालाई अस्पताल लगिएको थियो । बिरामी परेकी दीपालाई राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा सामान्य उपचारपछि घोराही लगिएको थियो । घोराहीमा उपचार सम्भव नभएपछि शिक्षण अस्पताल कोहलपुर लैजाँदै गर्दा उनको बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ । जङ्गली च्याउ खाएर बिरामी परेका तुलसीपुर-३ बल्लेकी ७५ वर्षीया दशरथी पुन, उनका ३८ वर्षीय छोरा डम्बरबहादुर पुन, ३६ वर्षीय तिलक पुन, पाँच वर्षीय विपीन पुन, १२ वर्षीय विवेक पुन र सुमन बुढाथोकी राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचारपछि घर फर्किसकेको प्रहरीले जनाएको छ । *-रासस*

# विभिन्न स्थानबाट २५ जना...

...साथै प्रहरीले थप अनुसन्धानको लागि २ जनालाई नियन्त्रणमा लिएको छ । यस्तै कैलालीको भजनी नगरपालिका-८ कृष्णनगरबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब २ ग्राम ७ सय २० मिलिग्राम सहित जानकी गाउँपालिका-९ बस्ने २६ वर्षीय शंकर देवकोटालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी जनकपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । कैलालीकै लम्कीचुहा नगरपालिका-३ चिसापानीबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ २ सय मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-१ बसपार्क बस्ने २९ वर्षीय राजेश खत्री र २७ वर्षीय ललित बिष्ट रहेका छन् । इलाका प्रहरी कार्यालय चिसापानीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी कैलालीकै लम्कीचुहा नगरपालिका-४ बलिया बस्ने २२ वर्षीय धिरज चौधरीलाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ २ सय मिलिग्राम सहित प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय लम्कीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी कैलालीकै भजनी नगरपालिका-३ पडेरियाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ४ सय मिलिग्राम सहित जोशीपुर गाउँपालिका-१ बस्ने २८ वर्षीय निरज कुस्मी समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय भजनीबाट खटिएको प्रहरीले बा.९४ प ३२६३ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । थप अनुसन्धानको क्रममा उक्त लागूऔषध भजनी नगरपालिका-१ बस्ने २२ वर्षीय सुरेश रेग्मी समेत २ जनाले बिक्री गरेको भन्ने खुल्न आएपश्चात प्रहरीले उनीहरूलाई समेत पक्राउ गरेको छ । यसैगरी कैलालीको जोशीपुर गाउँपालिका-१ लकडमन्डीबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ८ सय ८० मिलिग्राम सहित सोही गाउँपालिका-२ बस्ने २८ वर्षीय अम्मरदिप डगौरा समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यलाय जोशीपुरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै तनहुँको आँबुखैरेनी गाउँपालिका-४ बेनीटारबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ८८ ट्याब्लेट सहित लमजुङ सुन्दरबजार नगरपालिका-९ बस्ने २४ वर्षीय सुजन तामाङलाई प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी पोष्ट मुग्लिङ पुलजिपबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस्तै सुनसरीको धरान उपमहानगरपालिका-७ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम ५ सय ५० मिलिग्राम सहित सोही उपमहानगरपालिका-५ खैरेनी बस्ने २२ वर्षीय रोहन शाक्यलाई प्रहरीले पक्राउ गरेको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट नियन्त्रित लागूऔषध नाइट्राजेपाम २ सय ३० ट्याब्लेट सहित नवलपरासी पूर्व गैंडाकोट नगरपालिका-२ कालीगण्डकी चोक बस्ने २० वर्षीय रेगन हमाल समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी बसपार्कबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस्तै सिराहाको गोलबजार नगरपालिका-६ गोलबजार टोलबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम २ सय ८० मिलिग्राम सहित सोही ठाउँ बस्ने २७ वर्षीय सुजन थापा मगरलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय गोलबजार समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

# विपद् जोखिम न्यूनीकरणमा...

...त्यसैगरी नेपाली कांग्रेस जिल्ला कार्यसमिति तथा सम्बन्धित समितिको आयोजनामा श्रावण ६ गते मनाइने विपी स्मृति दिवसका अवसरमा तानसेन नगरपालिका-८ स्थित कोकल मन्दिर परिसरमा वृक्षरोपण कार्यक्रम सञ्चालन गर्ने निर्णय पनि बैठकले गरेको छ । उक्त कार्यक्रममा महिला संघका पदाधिकारी, सदस्य तथा शुभेच्छुकहरूको सक्रिय सहभागिता रहने जनाइएको छ । बैठकलाई नेपाली काँग्रेसका केन्द्रीय सदस्य राजेन्द्र गोपाल सिंह, नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठ, नेपाल महिला संघका केन्द्रीय प्रतिनिधि सरस्वती तिमिल्सिना लगायतले सम्बोधन गर्दै महिला संघलाई समयानुकूल सशक्त, प्रभावकारी र जनउत्तरदायी संगठनका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । उनीहरूले महिलाको राजनीतिक, सामाजिक तथा आर्थिक सशक्तीकरणसँगै विपद् व्यवस्थापन, वातावरण संरक्षण, सामाजिक उत्तरदायित्व र लोकतान्त्रिक मूल्य-मान्यताको प्रवर्द्धनमा महिला संघले अग्रणी भूमिका खेल्नुपर्ने धारणा राखे । बैठकमा नेपाल महिला संघका केन्द्रीय सदस्य गिरिजा गैरे, नेपाली कांग्रेसकी केन्द्रीय पार्टी सचिव सुनिता अधिकारी, महाधिवेशन प्रतिनिधि शान्ति भ्रेडी, गण्डकी प्रदेश सदस्य दुर्गा घिमिरे, पूर्व जिल्ला सदस्य सीता ज्ञवाली, क्षेत्रीय सदस्य देवी खनाल, तानसेन नगरपालिकाकी कार्यपालिका सदस्य गीता भट्टराईलगायत महिला नेतृ तथा कार्यकर्ताहरूको सहभागिता रहेको थियो । संघकी कार्यवाहक जिल्ला सभापति मिना पन्थीले बैठकले पारित गरेका निर्णयहरूको प्रभावकारी कार्यान्वयन गर्दै संगठनलाई अझ सक्रिय, जनमुखी र उत्तरदायी बनाउने प्रतिबद्धता व्यक्त गरिन् । पन्थीको अध्यक्षता, माया नेपालको स्वागत र पार्वती शर्माको सञ्चालनमा बैंठक भएको थियो ।

## खेलकुद समाचार

# इंग्ल्यान्ड विश्वकपमा तेस्रो




**काठमाडौं,** साउन २/फिफा विश्वकप फुटबल २०२६ मा फ्रान्सलाई हराउँदै इंग्ल्यान्ड तेस्रो बनेको छ । अमेरिकाको मियामी रङ्गशालामा आइतबार बिहान भएको खेलमा इंग्ल्यान्डले फ्रान्सलाई ६-४ गोलले हराउँदै तेस्रो स्थान हासिल गरेको हो ।

इंग्ल्यान्डले खेलको शुरुआतदेखि नै आक्रामक प्रदर्शन गर्दै पहिलो हाफमै ४-० को अग्रता बनाएको थियो । खेलको तेस्रो मिनेटमा डेक्लान राइसले गोल गर्दै इंग्ल्यान्डलाई अग्रता दिलाए । त्यसपछि १८औं मिनेटमा एब्री कोन्शाले गोल थपे । बुकायो शाकाले ३७औं मिनेट, पहिलो हाफको इन्जुरी समय र ८७औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरे । अन्तिम इन्जुरी समयमा जुड बेलिंमले अर्को गोल थप्दै इंग्ल्यान्डको जीत सुनिश्चित गरे । शाकाको यो ह्याट्रिकसँगै उनी विश्वकपको नकआउट चरणमा ह्याट्रिक गर्ने इंग्ल्यान्डका दोस्रो खेलाडी बने । यसअघि सन् १९६६ को फाइनलमा सर जियोफ हर्स्टले ह्याट्रिक गरेका थिए । दोस्रो हाफमा फ्रान्सले उत्कृष्ट पुनरागमनको प्रयास गरेको थियो । कप्तान किलियन एमबाप्पेले ४८औं र ६६औं मिनेटमा दुई गोल गरे भने ब्राडली बारकोलाले ५४औं मिनेटमा र उस्मान डेम्बेलेले दोस्रो हाफको इन्जुरी समयमा एक/एक गोल थपे । हारका बाबजुद दुई गोल गरेका एमबाप्पेले प्रतियोगितामा आफ्नो गोल संख्या १० पुऱ्याउँदै गोल्डेन बुटको दौडमा शीर्षस्थानमा उक्लिएका छन् । साथै उनी विश्वकप इतिहासका सर्वाधिक गोलकर्ता खेलाडीको सूचीमा पनि अग्रस्थानमा पुगेका छन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सुनचाँदीको मूल्य वृद्धि




**काठमाडौं,** साउन ३/ स्थानीय बजारमा आइतबार सुनचाँदीको मूल्य वृद्धि भएको छ । गत शुक्रबारको तुलनामा सुन तोलामा एक हजार ९०० र चाँदी ४० ले बढेको हो । नेपाल सुनचाँदी व्यवसाय महासंघका अनुसार एक तोला छापावाल सुनको मूल्य दुई लाख ८४ हजार र त्यति नै परिमाणको सेतो धातुको भाउ चार हजार २ सय ४० निर्धारण भएको छ । गत शुक्रबार एक तोला सुन रु दुई लाख ८२ हजार १०० र चाँदी चार हजार २०० मा खरिदबिक्री भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरुका अनुसार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ३१ र चाँदी ५६ अमेरिकी डलरमा कारोबार भइरहेको छ । *-रासस*

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई